# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० चैत २० गते

## रोम विधान अनुमोदन गर

नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (रोम विधान) लाई अनुमोदन गर्नुपर्छ भन्ने माग राख्दै मानव अधिकारकर्मी कृष्ण पहाडी आमरण अनसनमा बस्नुभएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगले आजै उहाँको स्वास्थ्य अवस्थाबारेमा स्थालगत अनुगमन गरेको छ ।

आमनरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध तथा आक्रमणको अपराधजस्ता अति गम्भीर प्रकृतिका अपराधहरूमा रोम विधानको क्षेत्राधिकार लागू हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन उक्त विधानको अनुमोदनले मार्गप्रसस्त गर्नुको साथै मानव अधिकारलाई सुदृढ गर्न तथा दण्डहीनताको स्थितिलाई अन्त्य गर्न सहयोग पुग्ने देखिन्छ ।

दोस्रो जनआन्दोलनपछि पुन:स्थापित प्रतिनिधि सभाले समेत २०६३ सालमा संकल्प प्रस्ताव पारित गरी उक्त विधानलाई अनुमोदन गर्न सरकारलाई निर्देशन दिएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई यस अघि नै सिफारिस गरिसकेको कुरा पनि आयोग पुन : स्मरण गराउन चाहन्छ ।

रोम विधानलाई अनुमोदन गरी सोसम्बन्धी संयन्त्रहरू निर्माण गर्न तथा आमरण अनसनमा बस्नुभएका मानव अधिकारकर्मी कृष्ण पहाडीले राख्नुभएको मागको उचित सम्बोधन गर्न तथा आयोगको सिफारिस कार्यान्वयन गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org